# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०४।२९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

तिलाठी कोइलाडी गाउँपालिकाको कार्यालय, सप्तरीका प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार झाले रामजानकी मन्दिरदेखि साविक सकरपुरा वडा नं. १ को पुलसम्म जाने बाटोमा माटो भर्ने र ग्राभेल गर्ने योजनाको अन्तिम विल भुक्तानीको लागि जाँदा निजले योजना रकमको १५%ले हुन आउने रकम घुसबापत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले निज प्रशासकीय अधिकृतको प्रत्यक्ष मिलेमतो र निर्देशनमा सोही कार्यालयमा कार्यरत कार्यालय सहायक राजकुमार मण्डलले रु.७०,०००।-(सत्तरी हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिन आएकोले निज राष्ट्रसेवकहरुलाई जनही बिगो रु.७०,०००।-(सत्तरी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता